# कृषि विकासले किसानको पारिवारिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव:

गौँडाकोट गाविस, गुल्मी

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह (एम.एड) चौथो सेमेष्टरको आंशिकभार परिपूर्तिको लागि प्रस्तुत

## शोधपत्र


शोधकर्ता

पुनम ज्ञवाली

कक्षा रो.नं. : ३३०

परीक्षा क्रमाङ्क : २८००४०

स्नातकोत्तर तह चौथो सेमेष्टर

त्रि.वि. दर्ता नं. : ९-२-५०-१२२३-२००८

भर्ना वर्ष : २०७०

अर्थशास्त्र शिक्षा विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रिभूवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं


२०७४

## सिफारिस पत्र(RECOMMENDATION LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अर्न्तगत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि **"कृषि विकासले किसानहरुको पारिवारिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावःगौंडाकोट गाविस, गुल्मी"**शीर्षकको शोधपत्र मेरो निर्देशन, सुझाव एवम् सल्लाहमा शोधार्थी छात्रा पुनम ज्ञवालीले तयार पार्नुभएको हो । उक्त शोधपत्र स्वीकृतको लागि सिफारिस गर्दछु ।

.................................

जगदीशमूर्ति कोइराला

शोध निर्देशक

अर्थशास्त्र शिक्षा विभाग

त्रि. वि. कीर्तिपुर, काठमाडौं

मिति : ...............................

## स्वीकृति-पत्र(APPROVAL LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अर्न्तगत अर्थशास्त्र शिक्षा विषय स्नातकोत्तर तह चौँथो सेमेस्टरको आंशिक पाठ्यभार परिपुर्तिका लागि **"कृषि विकासले किसानको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावःगौँडाकोट गाविस, गुल्मी"**शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मुल्याङ्कन समिति**

१) विभागीय प्रमुख ..................................

उप-प्रा. मीनराज पौडेल

२) बाह्य सुपरिवेक्षक ....................................

डा. निलमणि पोखेल

३) शोध निर्देशक ................................

जगदीश मूर्ति कोइराला

मिति : ................................

## कृतज्ञताज्ञापन (ACKNOWLEDGEMENT)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह चौँथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि **"कृषि विकासले किसानको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावः गौँडाकोट गाविस, गुल्मी"**शीर्षक भएको शोधपत्र प्रस्तुत गरेको छु । सर्वप्रथम शोधपत्र प्रस्तावना स्वीकृत गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरु उप-प्राध्यापक मीनराज पौडेल ज्यू प्रति सदैव आभारी छु ।यस शोधपत्रले यो क्षेत्रसँग सम्बन्धित विषयमा जानकारी लिन इच्छुक व्यक्ति, अनुसन्धानकर्ता तथा नीतिनिर्माताहरुलाई सहयोग पुग्ने छ भन्ने मैले अपेक्षा लिएको छु ।

यस शोध पत्रलाई उपलब्धिमूलक बनाउन शोधपत्र प्रस्तावना देखि शोध पत्रको अन्त्यसम्म निरन्तर रुपमा सरल ढङगबाट अमुल्य सल्लाह, सुझाव, हौसला र कुशल निर्देशन दिई सद्भावपूर्ण सहयोग गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका आदरणीय गुरु तथा शोध निर्देशक जगदिशमूर्ति कोइराला, अर्थशास्त्र शिक्षा विभागका श्रद्धेय गुरुहरु प्रा.डा. महेशराज दाहाल, प्रा.डा. शान्ता सिंह, प्रा.डा. ध्रुवराज शिवाकोटी र उप-प्राध्यापक पद्मा कोइराला लगायत अर्थशास्त्र शिक्षा विभागका सम्पूर्ण गुरुहरुप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अनुसन्धानका लागि गरिएको स्थलगत अध्ययनका क्रममा मलाई आवश्यक सुचना तथा तथ्याङ्कहरु खुलस्त रुपमा प्रस्तुत गरी सहयोग गर्नुहुने गौँडाकोट गाविसका नमूना छनोट घरपरिवार कृषक दाजु भाइ तथा दिदि बहिनी प्रति आभार प्रकट गर्दछु । साथै मेरो जीवनका हरेक क्षणहरुमा सल्लाह, सुझाव, प्रेरणा र प्रोत्साहन दिई विश्वविद्यालय सम्मको अध्ययन पूरा गर्न आर्शिवाद प्रदान गर्नुहुने मेरा बुबाआमा साथै श्रीमान लगायत सम्पूर्ण आफन्तजनप्रति आभार प्रकट गर्दछु ।

**शोधकर्ता**

पुनम ज्ञवाली

# सारसंक्षेप (ABSTRACT)

नेपालको कृषि अर्थतन्त्रको मुख्य खम्बाको रुपमा रहेको छ । नेपालको कुल जनसंख्याको ६५.५ प्रतिशत जनसंख्या प्रत्यक्ष तथा परोक्ष रुपमा कृषि पेशामा आवद्ध रहेका छन् । नेपालको कुल क्षेत्रफलको ३०,९१,००० हेक्टर जमिनमा खेति गरिएको छ । कृषिमा खाद्यान्नबाली, नगदेबाली र पशुपालन पर्दछन् । नेपाल कृषि प्रधान देश भएता पनि यस सँग सम्बन्धित अध्ययन अनुसन्धानको कमिका कारण कृषिमा देखिएका समस्याहरुको उचित समाधान भएको पाईएको छैन ।

यस अध्ययनमा अध्ययन क्षेत्रको रुपमा गौँडाकोट गा. वि. समा कृषि पेशामा संलग्न ६५० घरधुरीमध्ये २० प्रतिशत वा १३० घरधुरीलाई सामान्य संभावनायुक्त नमुना छनोट विधिको आधारमा नमुना छनौटको रुपमा लिईएको छ । यस अध्ययनमा गुल्मी जिल्लाको गौँडाकोट गाविसमा कृषिमा संलग्न कृषकहरुको कृषि विकासले उनीहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव अध्ययन गर्नका लागि विभिन्न किसिमका तथ्याङ्कहरुको सहयोगबाट ब्याख्यात्मक तथा विश्लेषणात्मक रुपमा गरिएको छ । कृषि विकासको अवस्था पहिचान गर्नु, कृषि विकासले किसानको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव अध्ययन गर्नु र कृषि विकासका समस्याहरु पत्ता लगाउनु यस अध्ययनका उदेश्यहरु रहेका थिए । यि सम्पुर्ण उदेश्यहरु पुरा गर्न गौँडाकोट गाविसका कृषकहरुमध्ये सामान्य सम्भावनायुक्त नमुना छनोटबाट छनोट भएका १३० घरधुरीका कृषकहरुको आर्थिक अवस्था, पशुपालन, नगदेबाली तथा खाद्यान्नबाली उत्पादनको अवस्था, खेति गरिएको क्षेत्रफल, त्यसबाट प्राप्त आय, उक्त परिवारको शैक्षिक अवस्था, कृषि विकासले शैक्षिक क्षेत्रमा पारेको प्रभाव, कृषि विकासमा देखिएका समस्याहरु बारेमा विभिन्न शीर्षक, उप शीर्षकहरु निर्माण गरि तथ्याङ्क संकलन गरिएको थियो । यसरी प्राप्त गरिएको प्राथमिक र द्धीतीय तथ्याङ्कका आधारमा विवरणको विश्लेषण गर्नको लागि व्याख्यात्मक र विश्लेषणात्मक विधि अपनाइएको थियो ।

प्राथमिक तथ्याङ्क संकलनका साधनको रुपमा नमूना छनोट गरिएका कृषकहरु, कृषकका परिवारलाई विविध प्रश्नावली, अवलोकन सूचि, स्थलगत अवलोकनलाई प्रयोग गरिएको थियो । भने द्धितिय तथ्याङ्क संकलन गर्न जि. वि. स. को कार्यालय, अर्थमन्त्रालय, केन्द्रिय तथ्याङ्क विभाग, गाविसको कार्यालय, विभिन्न विद्धानहरुका लेख रचना, पत्रपत्रिकामा प्रकाशित रिर्पोटहरु, अप्रकाशित शोधपत्र, लगायत अन्य सरकारी तथा गैह्रसरकारी संस्थाबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कको सहायता लिइएको थियो । यसरी संकलन गरिएका तथ्याङ्कहरुलाई तालिकाको माध्यमबाट विश्लेषणात्मक तरिकाले प्रस्तुत गरिएको छ।

यस अध्ययनको नमुना छनोटमा परेका घरपरिवार विभिन्न जातजतिका रहेका छन् । जसमा जनजातिको संख्या सबैभन्दा बढी ६६ घरधुरी अर्थात कुल संख्याको ५०.७६ प्रतिशत रहेको छ । त्यसैगरि २२ घरधुरी ब्राह्मण, ३५ घरधुरी क्षेत्रि र सबैभन्दा कम अर्थात ७ घरधुरी दलित रहेका छन् ।

नमूना छनोट गरिएका घरधुरीमा कृषिका साथसाथै अन्य पेशा पनि अंगालेका छन् । अध्ययन क्षेत्रमा कृषि मुख्य पेशा अपनाएका ७४ घरधुरी, वैदेशिक रोजगारी अपनाएका २९ घरधुरी, जागिर १३ घरधुरी, व्यापार ९ घरधुरी र अन्यमा ५ घरधुरी रहेका छन् ।

यस अध्ययनका लागि नमूनाको रुपमा छनोट गरिएका १३० घरधुरीको जनसंख्या ५६० रहेको छ । जसमा महिलाको संख्या २९० र पुरुषको संख्या २७० रहेको छ ।  जसमा १४ वर्ष मुनिका जम्मा १३४ जना, १४ देखि ५९ वर्ष सम्मका जनसंख्या ३१२, ६० वर्ष भन्दा माथि उमेर समूहको जनसंख्या ११४ रहेको छ ।

अध्ययन क्षेत्रमा आर्थिक वर्ष २०७२/७३ को खाद्यान्नबाली अर्न्तगत धान १७५ रोपनी क्षेत्रफलमा २१ हजार के. जी उत्पादन गरिएको छ । धानको प्रतिरोपनी उत्पादन १२० के. जी रहेको र औषत मुल्य रु. ३० रहेको छ । यसरी धानबाट प्राप्त कुल आम्दानी ६ लाख ३० हजार रुपियाँ छ, धान उत्पादनमा १,९६,०००

रुपियाँ खर्च भएको पाइएको छ । धानबाट प्राप्त खुद आम्दानी ४,३४,००० रुपियाँ हुन आउँछ ।

त्यसैगरि मकै उत्पादनको क्षेत्रफल सबैभन्दा बढी ५९३ रोपनी रहेको छ । जसमा ३५ हजार ५८० के. जी मकै उत्पादन भएको थियो । मकैको औषत मुल्य रु. ३० रहेको छ । यसबाट वार्षिक रु.१० लाख ६७ हजार ४०० रुपियाँ कुल आम्दानी हुन्छ । जसको लागि रु. ५,८५,००० लगानी गर्नुपर्ने हुन्छ । यसरी मकैबाट रु. ४,८२,००० खुद आम्दानी हुने गरेको पाइन्छ ।

उत्पादनमा तेस्रो स्थानमा पर्ने गहुँबाली १८७ रोपनी क्षेत्रफलमा गरिएको र ६४८० के. जी उत्पादन गरिएको छ । गहुँको औषत मुल्य रु. ३५ रहेको छ । र वार्षिक २ लाख ६१ ह्जार ८०० कुल आम्दानी हुने र लगानी रु.१,५७,००० लाग्ने हुँदा वार्षिक रु.१,०४,८००  खुद आम्दनी हुने गर्दछ ।

अन्य खाद्यान्नबालीमा कोदो, जौ, फापर ५२ रोपनी क्षेत्रफलमा गरिएको छ । यस वर्ष अन्य खाद्यान्नबालीको उत्पादन ७८० केजी भएको देखिन्छ । जसको औषत मुल्य रु.४० रहेको छ । यसबाट वार्षिक ३१ हजार २०० रुपैँया कुल आम्दानी प्राप्त भएको पाइयो । यि बाली उत्पादनमा १५ हजार रुपैँया खर्च गर्नुपर्ने भएको हुँदा कृषकले १६ हजार २०० रुपैँया खुद आम्दानी प्राप्त गरेका छन् ।

अध्ययन क्षेत्रमा खाद्यान्नबाली उत्पादनमा कुल लागत ९ लाख ५३ हजार भएको देखिन्छ । वार्षिक कुल आम्दनी १९ लाख ९० हजार ४०० रहेको छ । कृषकले यसबाट वार्षिक १० लाख ३७ हजार ४०० रुपैँया खुद आम्दनी प्राप्त गरेका छन् ।

अध्ययन क्षेत्रमा नगदे बाली अर्न्तगत सुन्तलाको उत्पादन सबैभन्दा बढी रहेको छ । सुन्तला ४० रोपनी क्षेत्रफलमा वार्षिक ८७५० के.जी. उत्पादन हुन्छ । जसको औषत मुल्य प्रति के.जी. रु. ४५ रहेको छ । यसबाट वार्षिक रु ३ लाख ९३हजार७५०आम्दानीहन्छ ।यसकोलागतवार्षिकरु.४५हजार रहेको छ। यसरी

सुन्तला खेतिबाट वार्षिक रु. ३ लाख ४८ हजार ७५० खुद आम्दानी प्राप्त हुने अध्ययनमा दखिन आएको छ ।

त्यसै गरि अदुवा खेति १८ रोपनी क्षेत्रफलमा गरिएको छ । जसमा अदुवा उत्पादन १३५० के.जी. भएको छ । अदुवाको प्रति के. जी. मुल्य रु. ६० रहेको छ । यसबाट वार्षिक आम्दानी रु. ८१ हजार हुन्छ । जसको लागत रु. २६ हजार रहेको छ । यसरी अदुवाबाट किसानले वार्षिक रु.५५ हजार प्राप्त गरेका छन् ।

अध्ययन क्षेत्रमा नगदेबालीको रुपमा गोलभैँडा पनि उत्पादन गरिन्छ । गोलभैँडा १२ रोपनी क्षेत्रफलमा १२ हजार के. जी वार्षिक उत्पादन हुन्छ ।जसको औषत मुल्य रु. ३५ रहेको छ । यसबाट वार्षिक रु.४२ हजार कुल आम्दानी भएको देखिन्छ। टमटर उत्पादनको लागि वार्षिक रु. १५ हजार लगानी गर्नुपर्दछ । यसरी टमटर खेतिबाट वार्षिक रु. २७ हजार कृषकहरुले खुद आम्दानीको रुपमा प्राप्त गर्दछन् ।

अन्य नगदेबाली अर्न्तगत आलु, सिमि, साग ८ रोपनी क्षेत्रफलमा उत्पादन गरिएको छ । जसको प्रतिरोपनी उत्पादन ८० के.जी. छ र कुल उत्पादन ६४० के. जी. भएको देखिन्छ । यसबाट वार्षिक कुल आम्दानी २२ हजार ४०० रुपिँया भएको पाइयो । अन्य नगदेबाली उत्पादनको लागि ६ हजार खर्च लाग्ने हुँदा कृषकले १६ हजार ४०० रुपिँया खूद आम्दानी प्राप्त गरेका छन् ।

अध्ययन क्षेत्रमा नगदेबाली उत्पादनमा कुल ९२ हजार लगानी लागेको छ र वार्षिक खुद आम्दानी ४ लाख ४७ हजार १५० भएको छ । नमुना छनोट घरधुरीमा नगदेबाली अर्न्तगत अन्य खेति कमक्षेत्रफलमा उत्पादन गरेका छन् । र प्राप्त आम्दानी पनि कम नै छ ।

अध्ययन क्षेत्रको खेति गरेको जम्मा जमिनको क्षेत्रफल ८४४ रोपनी रहेको छ । जसमा अधिकांश अर्थात ७०९ रोपनी क्षेत्र भिरालो जग्गा रहेको छ । बाँकी १३५ रोपनी अर्थात १६ प्रतिशत जग्गा समथर रहेको छ । बढी भिरालो जमिन भएकोले खाद्यान्न बाली उत्पादन कम हुने गरेको पाइन्छ ।

अध्ययन क्षेत्रमा खसी बोकाको संख्या ७१२ रहेको छ। जसबाट १७ हजार ८०० के.जी. मासु उत्पादन भएको र यसबाट वार्षिक कुल आम्दानी ८९ लाख रहेको छ । प्रति के.जी. मासुको औषत मुल्य रु. ५०० रहेको छ । जसको वार्षिक लागत रु. ३५ लाख हुन्छ । यसरी किसानले वार्षिक रु. ५४००००० खुद आम्दानी प्राप्त गर्दछन् ।

नमूना क्षेत्रमा कुखुराको संख्या १०५७ गोटा रहको छ । जसबाट २२२७ के. जी मासु उत्पादन भएको थियो र यसको औषत मुल्य रु. ३०० रहेको छ । त्यसैगरि ९५५ गोटा अण्डा उत्पादन भएको छ । अध्ययन क्षेत्रमा अण्डाको औषत मुल्य रु. ११ रहेको थियो । समग्रमा कुखुरा पालनमा १ लाख७८ हजार ५ सय रुपियाँ लगानी गर्नुपर्दछ । जसबाट कुल आम्दानी रु. ५ लाख ६७ हजार ५ हुन आउँछ । यसरी कृषकहरुले वार्षिक ३ लाख ८८ हजार ५०५ रुपैँया खुद आम्दानी प्राप्त गर्दछन् ।

अध्ययन क्षेत्रमा गाईभैँसीको संख्या ५२ रहेको छ। जसबाट वार्षिक १,२४,००० लिटर दुध उत्पादन हुन्छ । प्रति लिटर दुधको मुल्य ३५ रहेको छ । दुधबाट वार्षिक कुल आम्दानी ४३ लाख ६८ हजार हुन आउँछ। गाईपालनमा वार्षिक २६ लाख रुपैँया लगानी लाग्दछ। यसरी किसानहरुले वार्षिक रु. १७ लाख ६८ हजार खुद आम्दानी प्राप्त गर्दछन् ।

अध्ययन क्षेत्रमा कृषिमा विभिन्न समस्याहरु रहेको पाइएको छ । जसमा सिचाइँको अभाव, यातायातको समस्या, चरनक्षेत्रको अभाव, विभिन्न रोगहरु लाग्ने, कम उत्पादकत्व, गोदाम व्यवस्थाको अभाव, वजारको समस्या, मध्यस्थकर्ताहरुको वोलवाला आदि पर्दछन् ।

अध्ययन क्षेत्रका १३० घरधुरीको वार्षिक आम्दानीमा सबैभन्दा बढी आम्दानी वैदेशिक रोजगारबाट ४८.६४ प्रतिशत भएको छ भने कृषि क्षेत्रबाट ३३.०८ प्रतिशत आम्दानी भएको देखिन्छ । जागिरबाट ९.८८ प्रतिशत, व्यापारबाट ५.४८ प्रतिशत र अन्य व्यवसायबाट २.९३ प्रतिशत आम्दानी भएको देखिन्छ। अध्ययन क्षेत्रमा कृषिबाट प्राप्त वार्षिक आम्दानी रु. ९० लाख ४१ हजार रहेको छ भने अध्ययन क्षेत्रको कुल आम्दानी रु. २ करोड ७३ लाख ४१ हजार ५५

रहेको छ । यस कारण अध्ययन क्षेत्रमा कृषिको आम्दानी योगदान दोस्रो स्थानमा अर्थात ३३.०८ प्रतिशत रहेको छ ।

अध्ययन क्षेत्रमा सबैभन्दा बढी खर्च उपभोगमा हुने गरेको पाइयो । उपभोगमा ३९.८१ प्रतिशत वा  ९६ लाख खर्च गरेको देखिन्छ । त्यसै गरि शिक्षामा ३४.०१ प्रतिशत, स्वास्थ्यमा १५.३४ प्रतिशत, चाडपर्वमा ४.५७ प्रतिशत र अन्यमा ६.२७ प्रतिशत वार्षिक खर्च गरेको पाइयो।

आर्थिक वर्ष २०७२ मा अध्ययन क्षेत्रको कुल आम्दानी २ करोड ७३ लाख ४१ ह्जार ५५ रुपैँया रहेको छ । र खर्च २ करोड ४१ लख १०हजार रुपैँया खर्च भएको देखिन आएकोछ । यसरी अध्ययन क्षेत्रमा ३२ लाख ३१ हजार ५५ रुपैँया वचत भएको देखिन्छ ।

अध्ययन क्षेत्रका ५६० जनसंख्या मध्ये ४८६ अर्थात ९१.८७ प्रतिशत साक्षर छन् भने ४३ जना अर्थात ८.१३ प्रतिशत निरक्षर रहेका छन् । यस क्षेत्रमा विद्यालय जान नसक्न उमेर समूहका बालबालिका ३१ जना रहेका छन् । यस क्षेत्रमा साक्षर जनसंख्या बढी छ भने निरक्षर जनसंख्या कम रहेको छ । यस आधारमा यहाँको शैक्षिक अवस्था राम्रो मान्न सकिन्छ ।

अध्ययन क्षेत्रका १३० घरधुरी मध्ये सबैभन्दा धेरै प्रा.वि तहमा अध्ययनरत ५६ जना अर्थात ३७.८३ प्रतिशत रहेका छन् । नि.मा.वि तहमा ४२ जना, मा. वि तहमा ३२ जना, उ.मा.वि तहमा ६ जना, स्नातक तहमा ८ जना र स्नातकोत्तर तहमा ४ जना अध्ययनरत रहेका छन् ।

अध्ययन क्षेत्रमा साधारण लेखपढ गर्न सक्ने १५० जना रहेका छन् । त्यस्तै प्रा.वि तह उत्तीर्ण २२१ जना छन् । नि. मा. वि उत्तीर्ण ७८ जना रहेका छन् । सबैभन्दा कम जनसंख्या ३७ जना मा. वि तह उर्त्तीण रहेका छन् । यस क्षेत्रमा विद्यालय जान नसक्ने उमेर समूहका बालबालिका ३१ जना छन् भने ४३ जना निरक्षर छन् ।

अध्ययनक्षेत्रका ७१  अर्थात् ५४.६२ प्रतिशत घरधुरीका बालबालिकालाई कृषिबाट प्राप्त आम्दनीले उच्च प्रभाव पारेको छ भने ४६ अर्थात ३५.३८

प्रतिशत घरपरिवारका बालबालिकालाई मध्यम प्रभाव पारेको छ । त्यसैगरि ८ घरपरिवारकाबालबालिकालाईकृषिबाटप्राप्तआम्दानीलेन्यूनप्रभावपारेकोछ । ५ घरधुरीका बालबालिकालाई कृषिबाट प्राप्त आम्दानीले खासै प्रभाव नपरेको पाइन्छ ।

अध्ययन क्षेत्रका ८६ (६६.१५ प्रतिशत) बालबालिकाले सामुदायिकविद्यालयमा अध्ययन गरेका छन् । त्यसै गरि ४४ बालबालिकाले संस्थागत विद्यालयमा अध्ययन गरेका छन् । जम्मा विद्यार्थी संख्या १३० रहेको छ । अध्ययन क्षेत्रका धेरै बालबालिका सरकारी विद्यालयमा अध्ययन गरेको देखिन्छ ।

अध्ययन अनुसार सामुदायिक विद्यालय पढ्ने र संस्थागत विद्यालय पढ्ने विद्यार्थीको खर्चमा धेरै भिन्नता पाइन्छ । निजी विद्यालयका विद्यार्थीको मासिक शुल्क र अन्य शैक्षिक खर्चका कारण बढी खर्च लाग्ने गर्दछ । सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको मासिक शुल्क तिर्न नपर्ने कारण खर्च पनि कम लाग्दछ । कृषि पेशा गरी रु. २७,००० सम्म आयआर्जन गर्ने घरपरिवारले त्यो आम्दानी शिक्षा क्षेत्रमा मात्र खर्च गर्ने हो भने सरकारी विद्यालयमा आफ्ना बालबालिकालाई मा. वि. तहसम्म राम्ररी पढाउन सक्छन् । संस्थागत विद्यालय पढाउन त्यही आम्दानीले कक्षा ३ सम्म मात्र पढाउन पुग्छ ।

नमूना छनोट गरिएको कृषि व्यावसाय गर्ने घरपरिवार १३० मध्ये यी घरपरिवारका कोही न कोही सदस्य अन्य पेशामा पनि संलग्न रहेका छन् । जस्तै वैदेशिक रोजगारी, नोकरी, व्यापार तथा आन्य छन्, यी पेशामा संलग्न घरपरिवारले क्रमशः उच्च, मध्यम, न्युन तरिकाले कृषि कार्य गरेका छन् । उनीहरुका बालबच्चाले पढ्ने शैक्षिक संस्थाको छनोट उनीहरुले गरेको कृषि उत्पादनको आम्दानी तथा मुख्य पेशाबाट आएको आम्दानीले प्रभाव पारेको देखिन्छ । कृषि पेशा अंगालेका ७४ घरपरिवारमा कृषिबाट आएको आम्दानीले आफ्ना बालबालिकालाई सरकारी विद्यालयमा प्रा. वि., नि. मा. वि र मा. वि तहसम्म पढाउन प्रशस्त पुगेको छ । भने संस्थागत विद्यालय पढाउनको लागि कृषि आम्दानीले प्रा. वि. र नि.मा. वि. मा प्रशस्त पुगेको र मा. वि. मा पनि पुगेको छ ।

वैदेशिक रोजगार मुख्य पेशा भएका २९ घरपरिवारले कृषि कार्य मध्यम रुपमा गरेका छन् र यसबाट प्राप्त आम्दानी पनि मध्यम रहेको छ । वैदेशिक रोजगार मुख्य पेशा भएका २९ परिवारका २९ जना विद्यार्थी रहेका छन् । कृषिको आम्दानीबाट सामुदायिक विद्यालयको प्रा. वि, नि. मा. वि. र मा. वि. तह पढाउन पुगेको छ । भने संस्थागत विद्यालय पढाउन कृषिको आम्दानीले नपुग्ने र वैदेशिक रोजगारबाट प्राप्त आम्दानीले बालबालिका पढाएको पाइयो ।

जागिर गर्ने घरपरिवारमा विद्यार्थी संख्या १३ रहेको छ । यी घरपरिवारले कृषि उत्पादन मध्यम रुपमा गरेका छन् । नोकरी गर्ने घरपरिवारले कृषिको आम्दानीले सामुदायिक विद्यालयमा प्रा. वि, नि. मा. वि तहमा पढाउन सकेको बताएका छन् । संस्थागत विद्यालयमा  प्रा. वि., नि. मा. वि र मा. वि तह पढाउन कृषि आम्दानीले मात्र नपुग्ने बताएका छन् । अपुग रकम आफ्नो मुख्य पेशा नोकरीबाट आएको आम्दानीले पुर्ति गरेका छन् ।

मुख्य पेशा व्यापार भएका १३० घरधुरी मध्ये ९ घरपरिवार रहेका छन् । यी घरपरिवारले कृषि कार्य न्यून मात्रामा गरेका छन् । यिनिहरुका विद्यालय पढ्ने बालबालिका १० जना रहेका छन् । कृषि कम गरेको हुँदा यसबाट प्राप्त आम्दनीले सामुदायिक विद्यालयमा प्रा. वि तहमा पढाउन मात्र पुग्छ भने नि. मा. वि र मा. वि तहमा पढाउन पुग्दैन । संस्थागत विद्यालयमा पढाउन कृषिबाट प्राप्त आम्दानीले नपुग्ने हुँदा मुख्यपेशा व्यापारबाट प्राप्त आम्दानीले पढाएको पाइयो ।

अन्य पेशा जस्तै निर्माण कार्य, घरायसी सामाग्री बनाउने घरपरिवार ५ रहेका छन् । यसका साथै कृषि पनि मध्यम रुपमा गरेका छन् । यिनिहरुको विद्यालय जाने बालबालिका ६ जना रहेका छन् । उनीहरुले गरेको कृषिको आम्दानीबाट सामुदायिक विद्यालयको प्रा. वि र नि. मा. वि तहमा पढाउन पुगेको छ । भने संस्थागत विद्यालयको प्रा. वि तहमा पढाउन पुगेको र नि. मा. वि तहमा पढाउन नपुगेको पाइयो ।

## विषय सूची(TABLE OF CONTENTS)

पृष्ठ नं.

सिफारिस पत्र(RECOMMENDATION LETTER) ii

स्वीकृतिपत्र(APPROVAL LETTER)iii

कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENT) iv

सारसंक्षेप(ABSTRACT)v

विषयसूची(TABLE OF CONTENTS)xiii

तालिकासुची(LIST OF TABLES)xviii

संक्षिप्तशब्दावली(ABBREVIATION ⁄ACRONYMS) xx

**अध्याय एक(CHAPTER ONE)**

**१.परिचय(Introduction)**१-१०

१.१ अध्ययनको पृष्ठभुमि (Background of the Study) १

१.२ समस्याको कथन(Statement of the Problem) ७

१.३ अध्ययनको महत्व(Significance of the Study) ७

१.४. अध्ययनको उदेश्य(Objectives of the Study) ८

१.५. अनुसन्धानप्रश्न(Research Question) ८

१.६. अध्ययनको परिसीमा(Limitation of the Study) ९

१.७अध्ययनको संगठन (Organization of the Study) १०

**अध्यायदुई(CHAPTER TWO)**

**२. सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा**

**(Review of the Related Literature and Theoretical Framework)**११-२७

२.१. सैद्धान्तिक साहित्यको पुनरावलोकन(Review of The TheoriticalLiterature) ११

२.२.अनुसन्धान साहित्यको अध्ययन(Review of Research Literature) १४

२.३. अध्ययनकालागिपुर्वअध्ययनको समीक्षा(Implication of the Review for the Research) २२

२.४. अनुसन्धानअन्तर (Research Gap) २५

२.५. अवधाणात्मक ढाँचा (Conceptual Framework) २६

२.६.अध्ययनको कार्यात्मक ढाँचा (Functional Framework of the Study) २७

**अध्यायतीन(CHAPTER THREE)**

**३. अनुसन्धान पद्धति (Methods of the Study)** २८-३१

३.१. अनुसन्धान ढाँचा (Research Design) २८

३.२. तथ्याङ्कका स्रोतहरु (Sources of Data) २८

३.२.१.प्राथमिकतथ्याङ्कका स्रोतहरु (Primary Sources of Data) २८

३.२.२ सहायकतथ्यांकका स्रोतहरु (Secondary Sources of Data) २९

३.३. जनसंख्यानमुनाआकार र नमुना छनौट रणनिति (Population, Sample Size and Sampling Strategy) २९

३.३.१. जनसंख्या(Population) २९

३.३.२. नमुनाअकार (Sample Size) २९

३.३.३. नमुना छनौट रणनिति (Sampling Strategy) २९

३.४. अध्ययन क्षेत्रको परिचय(Introduction of the Study Area) ३०

३.५. तथ्याङ्क संकलनकाऔजारहरु (Tools of the Data Collection) ३०

३.६. तथ्याङ्क संकलनकातरिकाहरु (Techniques of Data Collection) ३०

३.७तथ्याङ्कको विश्लेषणप्रक्रिया(Data Analysis Procedures) ३१

३.८ नीतिगतप्रावधान(Ethical Consideration) ३१

## अध्यायचार (CHAPTER FOUR)

**४. तथ्याङ्कविश्लेषण र प्रस्तुतिकरण (Analysis and Interpretation of Data)**३३-६३

४.१ गुल्मीजिल्लाको परिचय(Introduction to GulmiDistrict ) ३३

४.१.१ भौगोलिकअवस्था(Geographical Condition ) ३३

४.१.२ जनसाङख्यिक स्थिति (Population Status) ३३

४.२ गौंडाकोट गाविसको परिचय(Introdution to Gaundakot VDC ) ३४

४.२.१ भौगोलिकअवस्था(Geographical Condition) ३४

४.२.२ जनसांख्यिकियअवस्था(Population Status) ३४

४.३ नमूना घरधुरी सम्बन्धीविवरण (Descreption of Sampled Household) ३४

४.३.१ नमूना घरधुरीको संख्या(Number of Sampled Household ) ३४

४.३.२ उमेर समूहअनुसार जनसंख्या(Age-wise Population ) ३५

४.३.३ नमूना छनोटगरिएको घरधुरीको मुख्य पेशा(Main Occupation of Sampled Household) ३६

४.३.४ नमुना घरधुरीको जातिगतवितरण (Cast-Wise Distribution of Sampled Household) ३७

४.४ खाद्यान्नबाली(Cereal Crops) ३८

४.४.१ नेपालमाखाद्यान्नबालीलगाएको क्षेत्रफल र उत्पादनको स्थिति (Area of Cereal Crops Production and Status of Production in Nepal) ३८

४.४.२ अध्ययन क्षेत्रमाखाद्यान्नबालीउत्पादनतथाआम्दानीको वार्षिक अवस्था(Production of Cereal Crops and Status of Annual Income in the Study Area) ३९

४.५ अध्ययन क्षेत्रमानगदेबालीउत्पादनतथाआम्दानीको वार्षिक अवस्था(Production of Cash Crops and Status of Annual Income in the Study Area) ४०

४.६ खेति गरेको जमिनको प्रकृति(Nature of Cultivated Land) ४२

४.७अध्ययन क्षेत्रमापशुपंक्षीउत्पादनतथाआम्दानीको वार्षिक अवस्था(Production of Animal/Birds and Status of Annual Income in the Study Area) ४३

४.८ अध्ययन क्षेत्रमा कृषिविकासकालागि सहयोगी संस्थाहरु (Co-operative Organization for Agriculture Development in Study Area) ४४

४.८.१ क्षेत्रगतआधारमाप्राप्त सहयोगको विवरण (Sectorwise Details of Received Help) ४६

४.९ कृषिआयको प्रर्याप्तताको अवस्था (Sufficiency of the Income from Agriculture) ४७

४.१० कृषिमा देखिएका समस्याहरु (Problems of Agriculture) ४८

४.११ अध्ययन क्षेत्रको वार्षिक आम्दानीको अवस्था (Annual Income of the Study Area) ५०

४.१२अध्ययन क्षेत्रमाखर्च विवरण (Expenditure in the Study Area) ५१

४.१२.१ तहगतआधारमा घरपरिवारको वार्षिक खर्च विवरण (Levelwise Annual Expenditure of Sampled Household) ५२

४.१२.२ अध्ययन क्षेत्रमावचतको अवस्था (Status of Saving in the Study Area) ५३

४.१३नमुना छनोट घरधुरीको शैक्षिकअवस्था(Educational Status of Sampled Household ) ५३

४.१३.१ नमूना घरधुरीकाबालबालिकाको तहगत शैक्षिकअवस्था(Study Level of Children in Sampled Household ) ५४

४.१३.२ नमूना छनोट गरिएको घरधुरीको शैक्षिकअवस्था(Educational Status of Sampled Household) ५५

४.१३.३ अध्ययन क्षेत्रकाबालबालिकाले पढ्ने विद्यालयको प्रकृति(Nature of Schools Studied by the Children) ५५

४.१३.४ बालबालिकालाई सामुदायिकविद्यालय पढाउनुको कारण (Reason of the Children's Joining Public School) ५६

४.१३.५ बालबालिकालाई संस्थागतविद्यालयमा पढाउनुको कारण (Reason of the Children's for Joining Private School) ५७

४.१४ सामुदायिकतथासंस्थागतविद्यालय पढाउँदा कृषिको आम्दानीको प्रर्याप्तता(Sufficiency of the Income from Agriculture for Education the Children in the Public and Private School) ५८

४.१५नमुना छनोट गरिएको घरधुरीले शिक्षा क्षेत्रमा गरेको खर्च (Expenditure of Sampled Household in Education Sector) ६१

४.१६ कृषिआम्दानीले छनोट गरिएका घरपरिवारकाबालबालिकाको पढाइमा पारेको प्रभाव(The Impact of the Income from Agriculture in the Study of the Sampled Household) ६२

४.१७अध्ययनको सारांश(Summary of the Study) ६३

**अध्यायपाँच(CHAPTER FIVE)**

५. निष्कर्ष र सुझावहरु (Conclusion and Recommendations) ६९-८३

५.१ निष्कर्ष(Conclusion) ६९

५.२ सुझावहरु (Recommendations) ७३

५.२.१ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु(Practice Related Recommendations) ७३

५.२.२ नीति सम्बन्धि सुझावहरु (Policy Related Recommendations) ७४

५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु (Further Research Related Recommendations) ७५

**सन्दर्भ सामग्रीहरु(References)**

## अनुसूचीहरु(Appendix)

## तालिका सूची(LIST OF TABLES)

तालिका १:उमेर समूहअनुसार जनसंख्या ३५

तालिका २:नमूना छनोट घरधुरीको मुख्य पेशा ३६

तालिका ३:जातिगतविवरण ३७

तालिका ४:नेपालमाखाद्यान्नबालीलगाएको क्षेत्रफल र उत्पादनको स्थिति ३८

तालिका ५:खाद्यान्नबालीउत्पादन, क्षेत्रफल, लागत र आम्दानीको वार्षिक अवस्था ३९

तालिका ६:अध्ययन क्षेत्रमानगदेबालीउत्पादन, क्षेत्रफल, लागत र आम्दानीको अवस्था४१

तलिका७:खेतिगरिएको जमिनको प्रकृति ४२

तालिका ८:अध्ययन क्षेत्रमापशुपंक्षीउत्पादन, लागततथाआम्दानीको अवस्था

बाखापालन ४३

तालिका ९:कुखुरा पालन ४३

तलिका १०:गाई भैँसी पालन ४४

तालिका ११:अध्ययन क्षेत्रमा कृषिविकासमा सहयोग पुऱ्याउने संस्थाहरु ४५

तालिका १२:अध्ययन क्षेत्रकाकिसानहरुलेविभिन्न क्षेत्रमाप्राप्त सहयोग ४६

तालिका १३: कृषिआयको प्रर्याप्तता ४७

तालिका १४:अध्ययन क्षेत्रको वार्षिक कुलआम्दानीको अवस्था ५०

तालिका १५:नमुना छनोट घरधुरीको क्षेत्रगतखर्च विवरण ५१

तालिका १६:नमूना छनोट घरधुरीको तहगतखर्च विवरण ५२

तालिका १७:वचतको अवस्था ५३

तालिका १८:नमुना छनोट गरिएका घरधुरीको शैक्षिकअवस्था ५३

तालिका १९:नमूना घरधुरीकाबालबालिकाले पढ्ने तह ५४

तालिका २०:नमूना घरधुरीको शैक्षिकअवस्था ५५

तालिका २१:अध्ययन क्षेत्रमाबालबालिका पढ्ने विद्यालयको प्रकृति ५६

तालिका २२:बालबालिकालाई सामुदायिकविद्यालय पढाउनुको कारण ५७

तालिका २३:बालबालिकालाई संस्थागतविद्यालयमा पढाउनुको कारण ५८

तालिका २४:सामुदायिकतथासंस्थागतविद्यालयपढाउँदाकृषिआम्दानीकोप्रर्याप्तता५९

तालिका २५:नमुना छनोटगरिएको घरधुरीले शिक्षा क्षेत्रमा गरेको खर्च ६१

तालिका २६:कृषि पेशाको आम्दानीले छनोट गरिएका घरपरिवारकाबालबालिकाको पढाइमा पारेको प्रभाव ६२

## संक्षिप्त रुप/ शब्दहरु(ABBREVIATIONS/ ACRONYMS)

आ. व.आर्थिक वर्ष

गा. वि. स.गाउँविकास समिति

जि. वि. स.जिल्लाविकास समिति

उ. मा. वि.उच्चमाध्यमिकविद्यालय

मा. वि.माध्यमिकविद्यालय

नि. मा. वि.निम्नमाध्यमिकविद्यालय

प्रा. वि.प्राथमिकविद्यालय

वि. स.विक्रम संवत्

क्र. स.क्रम संख्या

| | |
|---|---|
| मे. ट. | मेट्रिक टन |
| रु. | रुपैयाँ |

के.जी.किलो ग्राम

औ. मु.औषतमुल्य

| | |
|---|---|
| CBS | Central Bureau of Statistics |